# आर्थिक वर्ष २०७८/०७९ को वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम

## २०७९

**आयोजक :** हिमा गाउँपालिका जुम्ला

**सहजीकरण :** रेडियो कर्णाली, जुम्ला

मिति : २०७९/०७/१४ गते

**उपस्थित संख्या : १४१**

**उद्देश्य :** गाउँपालिकाले गरेको काम बारेमा आम नागरिकलाई जानकारी गराउने र नागरिकबाट आएका सुझाव तथा जिज्ञासालाई सम्बोधन गर्ने ।

स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाइ कार्यलाई व्यवस्थित गर्न स्थानीय तहमा सार्वजनिक सुनुवाइ गरिएको हो ।

हिमा गाउँपालिका जुम्लाले आर्थिक वर्ष २०७८/०७९ मा संचालन गरेको योजना र सेवा प्रवाहका विषयमा आईतबार सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ । नागरिकका गुनासो सम्बोधन गर्नको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गरेको हो ।

**सार्वजनिक सुनुवाई कार्यक्रममा राखिएका मन्तव्य तथा सुझावहरु :**

**अध्यक्ष लक्ष्मणवहादुर शाही :**
र्वमान सरकार जनताको आधारभुत समस्या हल गर्न सफल ।
३ वटा महत्वपूर्ण स्वास्थ्य शिविर संचालन ।
आधारभुत स्वास्थ्य इकाई स्थापना गर्न सफल ।
हिमाको ऋषिदेउ र धाँचु गाउँमा आधारभुत स्वास्थ्य इकाई स्थापना ।
ग्रीन सडक ग्रीन रिभर बनाउने अवधारण अनुसार यस वर्ष ३६ हजार विरुवा रोपण ।
आगामी पाँच वर्षसम्म २ लाख ५० हजार विरुवा रोपिने ।
गरिब र विपन्न परिवारका लागि नि:शुल्क स्वास्थ्य बिमा ।
जेष्ठ नागरिक र सुत्केरी महिलाका लागि नि:शुल्क एम्बुलेन्स सेवा ।
आँखा उपचार केन्द्र स्थापना ।
गुणस्तरीय शिक्षा विद्यार्थीलाई प्रदान गर्न विद्यालयको अनुगमन ।
कालिकाखेतुमा १५ शैयाको अस्पताल निर्माण प्रक्रिया सुरु ।
मुस्कान सहितको सेवा प्रदान ।

**स्थानीय युवा धिरेन्द्र रोकाया :**
सुरुवाति चरणमा गाउँपालिकाले शुभसंकेत देखाएको छ ।

युवा तथा खेलकुद मैत्री नीति ल्याउन सुझाव ।
ग्रीन सडक र ग्रीन रिभरको अवधारण पुरा गर्न युवाको साथ रहने ।

**गाउँसभा सदस्य चक्रवहादुर शाही :**
हिमा गाउँपालिकाका जनप्रतिनिधिहरुले ८ महिनाको समयमा राम्रो काम गरेको अनुभूति भएको छ ।
जनताको नाममा आएको विकास निर्माणको रकमलाई पारदर्शि गर्नेछौं ।
जनप्रतिनिधि जनता प्रति उत्तरदायि हुने भएका छौं ।

**गाउँपालिका सदस्य परिलाल वि.क. :**
जनप्रतिनिधिहरु मिलेर हिमाको विकास लागि राम्रो गर्ने प्रयास गरेका छौं ।
विकासलाई सबैको साझा बनाउने छौं ।

**नवराज शाही सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष :**
विगतका सरकारले टुक्रेयोजना दिएकाले ठोस विकास हुन सकेन् ।
वर्तमान सरकारले सुरुवातीमा राम्रो संकेत देखाएको छ । यसका लागि सहयोग हुनेछ ।

**एकिकृत अखिल नेपाल शिक्षक संगठनका केन्द्रिय सदस्य खाम्बा शाही :**
शिक्षा क्षेत्रमा सुधार गर्नु पर्ने अवस्था छ ।
नमूना विद्यालय कार्यक्रम घोषणा गर्न सुझाव ।
विद्यालयको प्रभावकारी अनुगमन गर्न आग्रह ।

**नेपाल शिक्षक संघका जिल्ला अध्यक्ष गजवहादुर शाही :**
हिमाको सरकारले छोटो समयमा जनताको पक्षमा काम गरेको छ ।
आधारभुत स्वास्थ्य इकाई स्थापना तथा स्वास्थ्य शिविर संचालन गरि नागरिकलाई सेवा गरेको छ ।


**वडा नम्बर २ का पूर्ववडाध्यक्ष नैनसिंह रोकाया :**
प्रतिपक्षको कुरा स्थानीय सरकारले सुन्नु पर्छ ।
विगतको सरकारले गरेका कामलाई निरन्तरता दिन अनुरोध ।
सबैको सहभागितामा विकास मिर्नाणका काम गर्दा राम्रो हुन्छ ।
सरकार साझा भएकाले सबैसँग समन्वय र सहकार्य गर्न सुझाव ।

**प्रमुख प्रशासकिय अधिकृत रणवहादुर बुढा :**
१४९ वटा योजनाको विवरण प्रस्तुत ।
विगतका सरकारले गरेका कामहरु जनताका बिचमा राखेको ।
वर्तमान सरकारले गरेका कामको बारेमा एक वर्ष पुगेमा सार्वजनिक गर्ने ।
स्थानीय सरकार जनतप्रति पूर्ण रुपमा इमान्दार रहेको ।

स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु

नेपाली काँग्रेसका नरवहादुर शाही, नेकपा एमाले भागिरथी शाही, नेकपा माओवादि केन्द्रका अग्रवहादुर शाही, रा.प्र.पा गोरखवहादुर शाही, नेकपा ए.स.का जनक अधिकारी र नेमकिपाका सर्पजित शाही लगायतका व्यक्तिहरुले समन्वय र सहकार्य गर्न सुझाव दिएका छन् ।

**कार्यक्रमका दृश्यहरु :**



कार्यक्रममा सहभागि स्थानीय नागरिक




दिप प्रज्वलन गर्दै अध्यक्ष शाही



सभाध्यक्षको आसन ग्रहण गर्दै अध्यक्ष लक्ष्मण वहादुर शाही



स्वागत मन्तव्य राख्दै वडा नम्बर १ का वडाध्यक्ष रतन शाही



योजना तथा आयं व्ययं विवरण प्रस्तुत गर्दै प्रमुख प्रशासकिय अधिकृत रणवहादुर बुढा



कार्यक्रममा सहभागि अध्यक्ष शाही, उपाध्यक्ष सुर्पना शाही र वडाध्यक्ष कालीवहादुर शाही



कार्यक्रममा स्थानीय नागरिकले राखेका जिज्ञासा तथा समापन सत्रमा बोल्दै अध्यक्ष लक्ष्मण शाही

प्रतिवेदन तयार गर्ने
नौरते नेपाली
कार्यक्रम संयोजक
रेडियो कर्णाली, जुम्ला

# जनताका आधारभुत समस्या हल गर्न सफल भएका छौँ ०: अध्यक्ष शाही

१५ पुस २०७९, शुक्रवार १२:०६ मा प्रकाशित



नौरते नेपाली

100Shares



हिमा गाउँपालिका जुम्लाका अध्यक्ष लक्ष्मणबहादुर शाहीले वर्तमान सरकार जनताको आधारभुत समस्या हल गर्न सफल भएको दाबी गर्नु भएको छ । वर्तमान सरकार गठन भएको ८ महिनाको अवधिमा ३ वटा महत्वपूर्ण स्वास्थ्य शिविर संचालन र आधारभुत स्वास्थ्य इकाई स्थापना गर्न सफल भएको उहाँले दावी गर्नु भएको हो ।

बुधबारका दिन हिमा गाउँपालिका जुम्लाको आयोजना र रेडियो कर्णाली जुम्लाको सहजिकरणमा आर्थिक वर्ष २०७८।०७९ को सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो । हिमाको वडा नम्बर २ मा रहेको विकट बस्ति ऋषिदेउ र वडा नम्बर ७ को थाँचु गाउँमा आधारभुत स्वास्थ्य इकाई स्थापना भएको शाहीले बताउनु भयो ।

उहाँका अनुसार गएको जेठ महिनाको ३ गते स्वास्थ्य शिविर र जेठ ४ देखि ६ गतेसम्म प्राथमिक स्वास्थ्य केन्द्र कालिकाखेतुमा आँखा शिविर संचालन गरिएको जानकारी गराउनु भयो । यस्तै यहि पुष महिनाको १ देखि ४ गतेका दिनमा वृहत्त स्वास्थ्य शिविर संचालन भएको जानकारी गराउनु भयो ।

२१ जना विशेषज्ञ चिकित्सक सहित अन्य स्वास्थ्यकर्मीको सहभागितमा सम्पन्न भएको शिविरमा १ हजार ५ सय ६६ जनाले सेवा पाएको उहाँले भनाइ छ । ८ सय २८ जनाले आँखाको जाँच, ३५

आँखाको शल्यक्रिया, ३५ जनाले गाइनो सेवा र ४ सय ५१ जनाले स्तरीय सेवा पाएको अध्यक्ष शाहीले जानकारी गराउनु भो ।

उहाँका अनुसार ३ सय ६३ जनाले दाँत सम्बन्धी उपचार पाएको बताउँदै ९ जनाले आँखाको मोतिया बिन्दुको शल्यक्रिया गरेको सुनाउनु भयो । कादुरी एग्रिकल्चर एण्ड एशोसिएसन बिट्रिस गोर्खाजु नेपाल कास्कीको आर्थिक तथा प्राविधिक सहयोग र हिमाको आयोजनामा विशेषज्ञ स्वास्थ्य शिविर संचालन भएको उहाँले बताउनु भयो ।

यसैगरि ग्रीन सडक ग्रीन रिभर बनाउने अवधारण अनुसार, यस वर्ष ३६ हजार विरुवा रोपिएको जानकारी गराउँदै अध्यक्ष शाहीले आगामी पाँच वर्षसम्म २ लाख ५० हजार विरुवा रोपिने बताउनु भयो । गरिब र विपन्न परिवारका लागि निःशुल्क स्वास्थ्य बिमा, जेष्ठ नागरिक र सुत्केरी महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा र आँखा उपचार केन्द्र स्थापना लगायतका महत्वपूर्ण कामहरु भएको उहाँको भनाइ छ ।

हिमा गाउँपालिकामा रहेको २२ बटा सामुदायिक विद्यालयमा पुगेर गुणस्तरीय शिक्षा विद्यार्थीलाई प्रदान गर्नको लागि शिक्षकसँग छलफल गरेको अध्यक्ष शाहीले बताउनु भयो । उहाँका अनुसार, प्राथमिक स्वास्थ्य केन्द्र कालिकाखेतुमा १५ शैयाको अस्पताल निर्माण प्रक्रिया सुरु भएको बताउँदै नमुना गाउँपालिका निर्माण गर्ने सोचमा रहेको बताउनु भयो ।

मुस्कान सहितको सेवा प्रदान गर्दै नागरिकलाई स्थानीय सरकार भएको अनुभूति दिलाउने कार्य गर्ने शाहीको भनाइ छ । हिमा गाउँपालिकाको हावापानी सुहाउदो विकास निर्माणका लागि पाँच वर्षको समय खर्चिने उहाँले बताउनु भयो । रजवहादुर शाही अध्यक्ष हुँदा गरेको काम र योजनाका बारेमा जानकारी गराउन सार्वजनिक सुनुवाई गरेको उहाँले जानकारी गराउनु भयो ।

अघिलो सरकारले सार्वजनिक सुनुवाई नगरेको हुनाले वर्तमान सरकारले दायित्व सम्झिएर कार्यक्रम गरेको अध्यक्ष शाहीको भनाइ छ । हिमा गाउँपालिका जुम्लाका प्रमुख प्रशासकिय अधिकृत रणवहादुर बुढाले १४९ वटा योजनाको विवरण सुनाउनु भएको थियो । ५० हजार देखि १० लाख सम्मका योजनाहरुको बिवरण उहाँले सार्वजनिक कार्यक्रममा सुनाउनु भएको हो ।

विगतका सरकारले गरेका कामहरु जनताका बिचमा जानकारी गराउनु सरकारको कर्तव्य भएको बुढाले बताउनु भयो । वर्तमान सरकारले गरेका कामहरुलाई समावेश गरि एक वर्ष पुगेमा सार्वजनिक गरिने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, स्थानीय सरकार जनतप्रति पूर्ण रुपमा इमान्दार भएकाले अहिले र पहिलेको सरकार नभनि जनतालाई भए गरेका कामका बारेमा जानकारी गराउनु सरकारको कर्तव्य भएको बताउनु भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानीय नागरिकले घुम्ति शिविर, खानेपानी, सडक र जीविकोपार्जन कार्यक्रममा जोड दिन सुझाव दिएका छन् । पूर्ववडाध्यक्ष नैनसिंह रोकायाले विगतका सरकारले गरेका राम्रा कामहरुलाई निरन्तरता दिन आग्रह गर्नु भएको छ । सरकार साझा भएकाले सबैसँग समन्वय र सहकार्य गर्न उहाँले अनुरोध पनि गर्नु भएको छ ।